# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश, नेपाल


प.स. : ०७७/०७८

च.न. :

विषय:- विज्ञापन कर संकलन गर्ने कार्य ठेक्कामा दिने सम्बन्धि सूचना।

दोश्रो पटक प्रकाशित मिति: २०७८/०३/२० गते

यस धनगढी उप-महानगरपालिका क्षेत्र भित्रका सार्वजनिक स्थल चौक सडक वा कसैको निजी घर पर्खालमा कुनै उत्पादक कम्पनी वा अन्य व्यावसायीहरूले आफ्नो व्यवसायको प्रचार प्रसारका लागि लगाईएका होर्डिङ बोर्ड, साईन बोर्ड, ग्लोब बार्ड, स्टल, व्यानर, भित्तेलेखन लगायत अन्य प्रचार सामाग्रीहरूबाट विज्ञापन कर सकलन गर्न सक्ने प्रावधान स्थानीयतहलाई भए बमोजिम आगामी आ.व. ०७८/०७९ का लागि यस उप-महानगरपालिकावाट तोकिएको दररेट बमोजिम कर सकलन गर्न चाहने ईच्छुक फर्म वा संघ संस्थाहरुको जानकारीको लागि यो ३० दिने सिलबन्दी आह्वानको सूचना प्रकाशित गरिएको छ।

<u>तपसिलका शर्तहरू</u>

१. विज्ञापन न. 31/DSMC/2077/2078 विज्ञापन करका लागि न्युनतम ठेक्का अक रू. २७,००,१५१ (अक्षरुपी सत्ताईस लाख एक सय एकाउन्न मात्र) मु.अ.कर. र अन्य कर बाहेक कायम गरिएको छ।

२. ठेक्का आ.ब. ०७८/०७९ को असार मसान्त सम्मको लागि ठेक्काको सम्झौता गरिनेछ।

३. तोकिएको स्थानको सिमा रेखाभन्दा बाहिर गई कर संकलन गर्न पाइने छैन, तोकिएको सिमाभन्दा बाहिर गई कर असुली गरिएको जानकारी वा प्रमाण फेला परेमा यस कार्यालयले ठेक्का सम्झौता रद्द गर्न सक्नेछ।

४. बोलपत्र मिति २०७८/०४/०३ गते कार्यालय समयभित्र राजश्व शाखाबाट वा रा.बा.बैंकको यस कार्यालयको आन्तरीक राजश्व खाता न. ४१७०१००३०१०१०००२ मा नगद रू. ३००० (पछि फिर्ता नहुने गरी) जम्मा गरी खरीद गर्न सकिने छ।

५. बोलपत्र मिति २०७८/०४/०४ गते दिनको १२ बजेभित्र पेश गरिसक्नु पर्नेछ। बोलपत्र मिति २०७८/०४/०४ गते दिनको २:०० बजे खोलिने हुँदा सो समयमा बोलपत्रदाता वा निजको तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ, उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन।

६. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन सो सम्बन्धि काम हुनेछ।

७. बोलपत्र दर्ता गर्दा बोलपत्र वालाले आफुले कबोल गरेको ठेक्का अंकको ५% रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक स्थित धरौटी खाता (हि.न. ४१७०१००३०३००००००२) मा नगद जम्मा वा सो रकम बराबरको १२० दिन म्याद भएको बैंक जमानत पत्र पेश गर्नुपर्ने छ। बोलपत्र समावेश गर्नका लागि कार्यालयमा हार्ड कपि वा अनलाईन www.bolpatra.gov.np/egp बाट समेत पेश गर्न सकिनेछ।

८. बोलपत्रदाताले कबोल गरेको ठेक्का अंक बराबरको नगद रकम वा नेपाल राष्ट्रबैंकबाट स्वीकृत प्राप्त वाणिज्य बैंकद्धारा ठेक्का अबधिसम्मको लागि जारी गरिएको परफरमेन्स बण्ड दाखिला गरेपछि मात्र ठेक्काको सम्झौता गराई ठेक्का चलनको पट्टा पुर्जी प्रदान गरिनेछ।

९. ठेक्का स्वीकृत भएपछि ठेक्का रकम बराबर ३ किस्ता गरी सो मध्ये प्रथम किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम दाखिला गर्नुपर्ने छ र बाँकी दुई किस्ताको रकम चार/चार महिनाको एकमुष्ट अग्रिम रूपमा बुझाउन पर्नेछ।

१०. बोलपत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ। फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। यस कार्यालयबाट प्रमाणित नगरी बिक्री भएको म्याद नाघी आएको बोलपत्र माथी कुनै कारवाही हुने छैन।

११. कुनै पनि अवस्थामा कर छुटको लागि हक दाबी गर्न पाईने छैन। संकलन गर्ने करको दर रेट टेण्डर फारामबाट हेर्न सकिनेछ। बोलपत्रदाताले खामको बाहिरपट्टि ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नुपर्नेछ।

१२. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

१३. यस सूचनामा उल्लेखित नभएका विषय प्रचलित कानून बमोजिम हुनेछ।

१४. यो सूचना धनगढी उ.म.न.पा.को सूचना पाटी र वेभसाइट www.dhangadhimun gov.np बाट समेत हेर्न सकिनेछ।

कार्यालय : ०९१-५२११२९ , प्र.प्र. अधिकृत : ५२०४२९ अ., ५२१४२९ नि., दमकल : १०१, फयाक्स : ५२११२९, प्र.शा. : ५२०७२९

# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### सुदूरपश्चिमम प्रदेश, नेपाल

प.स. : ०७७/०७८
च.न. : ४४३८

मिति २०७८/३/१६

श्री लता विज्ञापन सेवा
धनगढी, कैलाली

विषय : सूचना प्रकाशित गरिदिने बारे ।

उपरोक्त सम्बन्धमा यसै पत्र साथ संलग्न यस धनगढी उप-महानगरपालिकाको आ.ब. २०७८/०७९ का लागि विज्ञापन कर सम्बन्धि बोलपत्रको दोश्रो पटक प्रकाशित सूचना २०७८/०३/२० गतेको हिमालय टाइम्स राष्ट्रिय दैनिकमा न्युनतम लागतमा प्रकाशित गरिदिन हुन अनुरोध छ ।

धनगढी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदूर पश्चिम प्रदेश, नेपाल

७८।३।१६

हरि बहादुर चन्द
प्रमुख प्रशासकीय अधिकृत